नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना
आयोजना निर्देशकको कार्यालय
हरिहरभवन, ललितपुर

पत्र संख्या: २०७९।०८०
चलानी नं.: २४६

मिति: २०८०/०२/१०

विषयः अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस आयोजनाको कम्पोनेन्ट १ अन्तर्गत उत्पादनमूलक साझेदारीको अवधारणा अनुरुप उत्पादन संस्थाहरुलाई स्टार्टअप अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको छ । यसको लागि मिति २०७९ फागुन ९ गते ९० दिनको समयावधी दिई उत्पादक संस्थाहरुलाई संयुक्त प्रोफाईल पेश गर्न अनुरोध गरी सूचना प्रकाशन भएकोमा अपेक्षित संख्यामा आवेदन प्राप्त हुन नसकेको हुँदा विश्व बैंकको मिसनवाट निर्देशन भए अनुसार पुनः १ महिनाको लागि (मिति २०८० असार १० सम्म) संयुक्त प्रोफाईल पेश गर्न म्याथ थप भएको सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ । साथै संयुक्त प्रोफाईल तयारीको लागि आयोजनाको प्राविधिक सहयोग समूहवाट सहजिकरण हुने व्यवस्था रहेको हुँदा तयारीको क्रममा कुनै समस्या भएको अवस्थामा सम्वन्धित आर्थिक कोरिडोर कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ । **अन्य कुनै अनधिकृत व्यक्तिहरुले संयुक्त प्रोफाईल तयारी गरिदिने र आयोजना स्वीकृतीको लागि पहल गरिदिने भनि प्रलोभन पनि देखाउन सक्ने हुँदा त्यस्ता व्यक्तिहरुवाट सजग रहनुहुन र त्यस्तो अवस्था आएमा तुरुन्त सम्बन्धित आर्थिक कोरिडोर कार्यालय वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुहुन** सम्पूर्ण कृषक दाजुभाई दिदिवहिनीहरुलाई हार्दिक अनुरोध छ ।

२०८०/०२/१०
डा. चन्द्र प्रसाद रिसाल
आयोजना निर्देशक

☎: ०१-५५२४२३०, ०१-५५२९८८७ Email: reed.moald@gmail.com